# जेहनदार विद्यार्थी

- गान्धि राज भट्टराई

भदौको महिना, बेलुकीको सांढे छ भइसके पनि एक टांगो घाम बांकी नै थियो । घर पुग्नलाई मैले अझै २० किमी जति दौडनु थियो । दिउसोको खाजा खाने समय कटिसकेको थियो, बेलुकीको खानाखाने बेला भइसकेको थिएन । जिल्ला विकास समितिको तालिम हलमा खाएको दिउसोको खाजाले धित मरेको थिएन । पेटले केही स्वादिष्ट खानेकुरा मागिराखेको थियो । पुल्चोक पुग्नेबेलामा दाहिने पट्टि साइनो रेष्टुरेन्टको साइनबोर्डले आंखा तान्यो । मोटरसाइकललाई स्टेण्डमा अड्याएर दिनभरी व्यस्त हुंदा गलेको शरीरलाई रेष्टुरेन्टको टेबुलमा ल्याएर बिसाएं मैले । बाह्र वर्षसम्म सरकारी जागिर खाएर व्यवसाय गर्न पोखरा बैदामतिरबाट चितवन झरेका साउजीले थकाइ नै बिर्साउने गरी स्वागत गरे ।

“आज के टक्-याउं सरलाई ? पहिला मोमो ल्याउंकी तास नै ?”

टेबुलमा राम्रो पोजीसन लिएर बस्ने बित्तिकै साउजीको फर्माइस आइपुग्यो । म त्यस रेष्टुरेन्टको नियमित ग्राहक थिएं । धेरै भीडभाड नभएको दिनमा काउन्टर छेउकै टेबुलमा बसेर साउजीसंग गफ गर्दै तास र बीयर उडाइन्थ्यो । एक प्लेट तास र एउटा बीयर लिएर आसन जमाएं मैले । दिउसोका ग्राहकहरु घटिसकेका थिए, सांझ परेपछि आउने ग्राहकहरु आइसकेका थिएनन् । सहयोगी केटाहरुले छानीछानी खसीको विभिन्न भागको तासको परिकार टक्-याउंदै गए । म मासु र बीयर सुर्क्याउंदै गएं ।

-o-

त्यो दिन युएनडीपीको पीपीडीपी प्रोजेक्टका जिल्लास्तरका कर्मचारीहरुका लागि आयोजना गरिएको तीनदिने तालिम सकिएको दिन थियो । एक्लैले तीनदिने तालिम हांकेर सिध्याएको थिएं मैले । त्यसैले मन खुशी थियो ठूलो भारी बिसाएर हलुंगो भएजस्तै । अर्को एउटा खुशी पनि थियो । बीस वर्षदेखि मनमा गुम्सिएर बसेको एउटा घटनाचक्रले निकास पाएको । शायद त्यसैले मन चंगा भएर उड्न चाहिरहेको थियो ।

एक झमटको तास र बीयरले खाली पेट भरिएपछि खानपीनको गति घट्यो । हातमुख सुस्त भएपछि मन र विचारहरु चलायमान भएर गति लिन थाले । भरखरै सकिएको तालिम समापन समारोह आंखा अगाडि आयो । प्रमुख अतिथीको रुपबाट सहभागीहरुलाई प्रमाण-पत्र वितरण गरेर जिल्ला विकास समितिका सभापति श्री कृष्ण पौडेल मन्तव्य दिंदै हुनुहुन्थ्यो :

...मैले तपाईंहरुले गर्नुभएको तालिम मुल्यांकन हेरें । उमेशजीले यति छोटो अवधिमा यति गहन विषयमा जेजति कुराहरु तपाईंहरुमा संचार गर्न सक्नु भयो त्यसको लागि म वहांलाई धन्यवाद दिन चाहन्छु । यहांनिर म अलिकति पुरानो कुरा तपाईंहरुलाई भनुं । झण्डै बीस वर्ष अघि म गोन्द्राड. मा.वि.मा शिक्षक हुंदा उमेशजी त्यहां विद्यार्थी हुनुहुन्थ्यो । ............................

सभापतिज्यूको मन्तव्य संगसंगै म बीस वर्ष अघिको त्यो समयमा पुगेंछु, जति खेर अहिलेको तालिमको श्रोतव्यक्ति उमेश अधिकारी अर्थात् म एउटा गाउंले स्कुलको विद्यार्थी थिएं । अनि अहिलेका निर्वाचित जिल्ला विकास समितिका सभापति श्री कृष्ण पौडेल चाहिं मेरो गुरु अर्थात् त्यो स्कुलको शिक्षक हुनुहुन्थ्यो ।

-o-

निम्नस्तरको सरकारी श्रोतको विद्यालय थियो मेरो विद्यालय । विथार्थी संख्या प्रशस्त थियो । हरेक कक्षामा दुई सेक्शन चलेको थियो । सबै कक्षामा केटा र केटीको संख्या बराबर थियो । दश कक्षामा पुगेपछि झण्डै सत्तरी जना जतिले सेण्टअप दिन्थे बीसजना पास हुन्थे पचासजना फेल हुन्थे । अर्को कक्षा चल्ने बेलामा फेल भएका पचीस जना फेरि भर्ना भएर आउंथे बांकी पचीसजना हराउंथे । सेन्ट अप पास हुने बीसजना मध्ये आठजना एसएलसी उत्तीर्ण हुन्थे । गुणस्तरको त्यही छायां त्यो भन्दा तलका कक्षाहरुमा पनि परेको हुन्थ्यो ।

“क-कसले पाठ गरेको छैन? पाठ नगर्ने जति आफ्नो बेन्चबाट उठ” कक्षा दशको कोठामा कृष्णसर गर्जनु भयो ।

आज पाठ नगर्नेमा म पनि परेको थिएं । त्यो दिन झण्डै एक हप्ताको अनुपस्थिति पछि म विद्यालय आएको थिएं । त्यसैले आज छड्के पाठ हेरिने कुरा मलाई थाहा भएन । जुनसुकै कारणले पाठ नगरेको भए पनि नियमअनुसार बेन्चबाट उठ्नै पर्थ्यो । पहिलो बेन्चको भित्तातिरबाट शुरु गरेर आफ्नो पालो आएपछि स्पष्टिकरण दिनु पर्थ्यो । स्पष्टिकरणमा चित्त बुझे त्यो दिनको सजायंबाट माफी पाइन्थ्यो आइन्दा सधैं पाठ बुझाउने शर्तमा ।

नियमको पालना गरेर म पनि उठें । पाठ नगर्नेमा परेर म आफ्नो बेन्चबाट उठ्दा वरिपरिका सबै साथीहरुमा एउटा विश्मयको भाव महशुस गरें मैले । यो त्यस्तो अवसर थियो जुन मेरा साथीहरुले यो भन्दा अगाडि देख्न पाएका थिएनन् । कतिले राहत महशुस गरे होलान् अरे यार उमेशले त पाठ गरेको छैन भने हामी त झन् ? अनि धेरैको मनमा शायद यो खुल्दुली पनि थियो होला उमेशले आज कसरी पाठ गरेन ?

उमेश अर्थात् म त्यो क्लासमा प्रथम हुने फुच्चे केटो थिएं । कक्षामा विभिन्न किसिमका विद्यार्थीहरु थिए । कोही म जस्तै चिचिला थिए, कोही अलि हुर्कौला थिए भने कोही सांच्ची नै हुर्किसकेका थिए । उमेर छिप्पिइसकेका विद्यार्थीहरुको जमातले पछाडिको बेन्चहरुमा कब्जा जमाउंथे अनि पढ्ने बेलामा आंखा पुस्तकमा मन अर्थोकमा भनेजस्तो गर्थे । विज्ञानको पढाइ भइरहेको बेला नेपालीको किताबभित्र सुवासको निलो चोली, युधिर थापाको लुकेको समाज अथवा मिस्टर वाईको रंगीन रातें आदि उपन्यासहरुलाई च्यापेर पढिरहेका हुन्थे उनीहरु । उपन्यासलाई नेपालीको किताबमा राख्नु उनीहरुको वाध्यता हुन्थ्यो किनभने विज्ञानको किताब या त उनीहरुले किनेकै हुंदैनथे वा किनेका भएपनि ल्याएका हुंदैनथे । प्रकाश, धने, हरि बहादुर, गैंडा, किश्ने आदि त्यही वर्गमा पर्दथे ।

यो वर्गका साथीहरु हरेक हप्ता तीनदेखि चार विषयसम्म पाठ नगरेर गोरु चुटाइ खान्थे । एक एक हातमा दुई दुई छडी खान उनीहरुलाई केही जस्तो लाग्दैनथ्यो । दश देखि चार विद्यालयमा उपस्थित हुनु बाहेक अरु बेलामा शायद उनीहरुको किताबको पाना पल्टिंदैनथ्यो । मेरो भने परिवेश अर्कै थियो । एकपटक कक्षा आठमा भुगोल पढ्दा ग्लोबमा साइप्रसको नक्शा नभेट्टाएर बुद्धिसरले कन्सिरी तान्नुभएको बाहेक कहिल्यै पाठ नगरेर उभिन परेको थिएन । त्यसैले म चाहिं गहकिलो स्पष्टीकरण दिएर इज्जतसाथ छुटकारा पाउनलाई पहिलो बेन्चको पाठमा सही गरेर कहिले सकिएला र आफ्नो स्पष्टिकरण दिउंला भनेर दोश्रो बेन्चमा उभिइरहेको थिएं । कक्षामा दायांतिर केटीहरु, वायांतिर केटाहरुको बेन्च थियो । केटातर्फको बेन्चमा गोविन्द, यादव, विष्णुहरी, उदय, गंगाराम सबैले पाठ गरेर बसिरहेका थिए । केटीहरुतिर पनि सरस्वती, इन्द्रकला, देवी, संगिता, पम्फा, पविता सबैले पाठ गरेका थिए । केटातर्फको तेश्रो बेन्च भन्दा पछाडिका सबै उभिएका थिए । दायांतिरको पछाडिको बेन्चहरुमा केही केटीहरु पनि उभिएका थिए ।

दुई वर्षदेखि म त्यो विद्यालयको जुनियर रेडक्रसको सचिव थिएं । सचिव भएपछि विद्यालयमा विभिन्न कार्यक्रमहरु आयोजना गर्नु र बाहिरका विभिन्न कार्यक्रमहरुमा सक्रिय हुनु पर्थ्यो । त्यतिखेर चितवन जिल्लास्तरिय गोष्ठीमा विद्यालयको तर्फबाट सहभागी भएर देवीलाल र म माडी गएर फर्केका थियौं । देवीलाल समितिको अध्यक्ष थियो र उमेरमा म भन्दा अलि पाको थियो । त्यही कार्यक्रममा जांदा एकदिन, आउंदा एकदिनको हिंडाइ, अनि कार्यक्रमको तीनदिन गरेर म त्यो हप्ता पुरै विद्यालय आउन सकेको थिइन । देवीलाल भने त्यो दिन पनि स्कुल आएको थिएन ।

केही बेरको पर्खाइ पछि मेरो पालो आइपुग्यो । कृष्णसरले चश्माको नाके डांडीबाट चिहाउंदै खाउंला जस्तो गरी केर्नुभयो - "तैंले किन पाठ नगरेको ?"

"सर, म रेडक्रसको गोष्ठीमा माडी गएको थिएं ।" मैले गर्वसाथ पाठ नगरेको स्पष्टिकरण दिएं ।

"तंलाई मैले पठाएको थिएं? मसंग सोधेर गएको थिइस्? स्कुल आउन छोडेर कल्ले तंलाई माडी जान भन्याथ्यो ? आएपछि साथीहरुसंग सोधेर गर्दोहोस् ।"

म छक्क परें, साथसाथै क्षुब्ध पनि भएं । स्कुलकै खर्चमा गोष्ठीमा गएर आएकोछु, इज्जतसाथ छोडिदिनु त कता कता उल्टो मैले पठाएर गएको होस् भने पछि मैले केही बोल्नु परेन । स्कुलको काममा गएर पहिलो चोटी पाठ बुझाउन नसकेकोमा सहुलियत पाइन मैले । बरु कलिला हात र खिरिलो ज्यान देखेर पचास प्रतिशत छुट पाएं ।

एकएक हातमा एकएक छडी खानु पर्दा असाध्यै रिस उठ्यो । त्यो दिन देखि उपनाम संकिर्तन टोलीमा सामेल भएर कृष्णसरको उपनाम भट्याएं मैले पहिलो चोटि - "फुले बुढो" । उमेर छंदै कपाल सेतै भएकाले भनेका हुन् कि पहिले कुनै

बेला आंखामा फुलो परेर भनेका हुन् त्यो त थाहा थिएन । तर सांकेतिक रुपमा गाली गर्दा अरु विद्यार्थीले प्रयोग गर्ने नाम त्यही थियो ।

-०-

फुले बुढोले विद्यार्थीहरु चिन्दैनन् भन्ने चाहिं सुनेको थिएं तर यस्तो होला भन्ने चाहिं थाहा थिएन । आज कक्षा नौ देखि पालेर आएको एउटा भ्रम टुटेको थियो ।

कुरा निस्केपछि कक्षा नौ को कुरा पनि भनिहालौं । कक्षा नौमा पनि कृष्ण सरले नै नेपाली पढाउनुहुन्थ्यो । हरेक पाठ पढाएपछि त्यसको पुछारमा भएका सबै प्रश्नहरुको उत्तर लेखिराख्न भन्नुहुन्थ्यो र एक दुई महिनामा छड्के गर्नुहुन्थ्यो । त्यसैले राम्रोमा गनिने विद्यार्थीहरु सबै पाठ गरिराख्थे, अरुले चाहिं सधैं दु:ख गर्नुभन्दा दुई महिनामा चार छडी रोजेर आनन्दसंग बस्थे । त्यस्तैमा एकचोटी मैले पाठ गर्नुपर्ने कुरा बिर्सेछु । कक्षामा आएर मात्र थाहा भयो आज छड्के हुने रहेछ । अब फसाद प-यो ।

“सर मैले गर्न त गरेको थिएं घरमै छुटेछ ।” उभिएर आफ्नो पालो पनि नपर्खीकन इमान्दार भएको नाटक गरें मैले । ‘गरेको थिएं घरमै छुटेछ’ विद्यार्थीहरुले सबैभन्दा बढी प्रयोग गर्ने र गुरुहरुले चाहिं विद्यार्थीको अनुहार हेरेर सत्यता छुट्याउनु पर्ने खालको स्पष्टीकरण थियो ।

“पाठ गर्नेबेलामा गुच्चा खेलेर बसिस् अहिले निहुं बनाउंछस्” कृष्ण सरले पत्याउन चाहनुभएन ।

“हैन सर, गरेको छु । म घर गएर लिएर आउंछु सर” रुंला जस्तो गरी अनुहार बनाएर भनें मैले ।

क्लासमा उभिएर छडी खानु मेरा लागि स्वीकार्य थिएन । नगरेको पाठलाई गरें भनेर एउटा झुठ बोले पछि अर्को पनि झुठ बोल्ने साहस गरें मैले ।

“मलाई हिंडेर घर पुगेर आउन पचास मिनेट लाग्छ सर । यो कक्षा सकिने बेलासम्म आइपुग्छु । जाऊं सर ?” साखुल्ले भएर आफैंले प्रस्ताव राखें मैले ।

“ल जा, लिएर आइज । तेश्रो पिरियडसम्म अफिसमा लिएर आइज । ल्याइनस् भने दोबर सजायं पाउंछस् ।” अप्रत्याशित रुपमा मैले घर जाने स्वीकृति पाएं ।

मेरो घर स्कुलबाट हिंडेर जांदा दश मिनेटको दुरीमा थियो । त्यसमा पनि मैले साइकल लिएर आएको थिएं त्यो दिन । पांचै मिनेटमा घर पुगेर बसें पाठ लेख्न । समयको ख्याल गर्नलाई रेडियो छेउमा राखें । करिब चालीस मिनेटमा मैले इच्छा कविता, विलियम शेक्सपियर र हवाइजहाजको आविष्कार भन्ने तीनवटा पाठमा भएका उत्तरहरु लेखिसिध्याएं । लेख्न त के नै पो लेखियो होला, क र ख को उत्तर दिने, ग छोड्ने अनि घ को आधा लेखेर च शुरु गर्ने गरी पाना रंगाएर बेलैमा फर्केर आई पाठ बुझाएं ।

-०-

त्यसपछिका दिनमा  भने कृष्णसरको पाठ कहिले छुटाएको थिइन । बरु एउटा असल विद्यार्थीको कर्तव्य सम्झेर बुढालाई सम्मान पनि गर्दै आएको थिएं । बुढाको घर जाने बाटो हाम्रै आंगन छेउबाट थियो । जम्काभेट हुंदा सधैं नमस्कार गरिन्थ्यो ।

तर आजको घटनाले मेरो त्यो भ्रम टुट्यो । नौ कक्षामा पनि मैले घर गएर पाठ नगरी फर्केको भए पनि फुले बुढाले नभेट्ने रैछन् जस्तो लाग्यो । मेरो गर्वमा प्रहार गरेका थिए फुले बुढाले आज । त्यसैले बुढासंग बदला कसरी लिने भनेर सोचिरहें दिनभरी ।

आइन्दा फुलेबुढाको पाठ कहिल्यै गर्दिन भनेर कसम त उत्तिखेरै खाएको थिएं । त्यो दिन पचास पैसाको गुच्चा किनेर लगें । सम्मान गरेर बाटोमा नमस्कार सर भन्नु पर्ने आवश्यकता भएन । बरु बुढालाई जिस्काउने मनसायले कुतुल र रामेसंग बाटोमै खोपिल्टो पारेर गुच्चा खेल्न थालियो बुढा आउने बेला पारेर । त्यो दिन कताबाट त्यस्तो आंट आएको थियो कुन्नि?

बुढालाई बाटो समेत नछोडेर खेलियो । फुले बुढा आफैं तर्केर बाटोको पल्लो छेउबाट साइकल घुमाएर गए । त्यतिले नपुगेर बुढा अगाडि बढ्ने बेलामा एक स्वरमा भट्याइयो -

"यसै फेल, उसै फेल, गुच्चा खेल ।"

त्यसपछिका दिनहरुमा केही व्यवधान आएनन् । हाम्रा फुले बुढाले कहिल्यै विद्यार्थीहरुलाई चिनेर, नाम तोकेर बोलाएको सुनिएन । नेपाली विषयको पाठ गर्नुको औचित्य पनि रहेन । त्यसपछि एउटा अन्तिम छड्के जांच भएको थियो । त्यसपपटक भने पाठ बुझाउने बेलामा बम बहादुरको दोकानमा गएर तरकारी चिउरा खाएर बसियो ।

म एसएलसी गरेर कलेज गएं । स्वदेश र विदेशमा गरी स्नातकोत्तर सम्मको अध्ययन र विभिन्न संस्थाहरुमा विभिन्न तहको अनुभवलाई बटुलेपछि अन्त्यमा म स्वतन्त्र कन्सल्ट्यान्टको रुपमा काम गर्न थालें । कालान्तरमा कृष्ण सर पनि स्कुलबाट राजीनामा गरेर राजनीति तर्फ लाग्नु भएछ । अनि २०५४ सालको स्थानीय निर्वाचनमा नगरपालीका सदस्यको रुपमा निर्वाचित भएर अन्त्यमा जिल्ला विकास समितिको सभापति हुनु भएछ ।

-o-

"…. उमेशजी विद्यालयमा छंदादेखि नै साह्रै जेहन्दार विद्यार्थी हुनुहुन्थ्यो । परीक्षामा राम्रो अंक ल्याउने मात्र नभएर अतिरिक्त कृयाकलापहरुमा पनि वहां एउटा नमुना विद्यार्थी हुनुहुन्थ्यो । …….."

सभापतिज्यूको बोलीसंगै फेरी म वर्तमानमा आएं । विद्यालयमा रहंदासम्म कहिले अनुहार र नामले नचिन्नु भएका आदरणीय कृष्ण सर अहिले मेरो जेहनदारीताको प्रशंसा गरिरहनु भएको थियो । विद्यालयको तर्फबाट गोष्ठीमा सहभागी भएकाले पाठ बुझाउन नभ्याउंदा धोवी धुलाई गरेर असम्मानको पात्र हुन पुगेका फुले बुढा अहिले मेरो अतिरिक्त कृयाकलापको गुणगान गरिरहेका थिए ।

"खुब चिन्यौ बुढा मलाई त्यतिखेर ।" सभापतिज्यूको अनुहारमा भेटिएका उनै बीस वर्ष अघिका कृष्ण सरलाई मनमनै भनें मैले । कार्यक्रममा सहभागी सबै मलाई हेरिरहेका थिए । उनीहरुतिर हेरेर शिष्टाचारवश म मुस्काएं ।

-o-

"सरलाई अलि लाग्या जस्तो छ कि ?"

अघिनै देखि साउजीले मलाई हेरिरहेका रहेछन् । म एकोहोरिएर एक्लै हांसेको देखेर साउजीले सोध्दा झसंग भएं । मैले दुई बोतल बीयर र तीन प्लेट तास खाइसकेको थिएं ।

"हैन त्यस्तो केही छैन । मलाई ठीकै छ ।"

"सर, अलि लाग्या जस्तो भए आज मोटरसाइकल नचलाम् । अरु ग्राहकहरु पनि छैनन् । म राजुलाई पठाइदिन्छु ।"

साउजीले भाइलाई साथी पठाइदिने उदार प्रस्ताव राखे । मेरा लागि यो एउटा यस्तो रेष्टुरेन्ट थियो जहां म आफ्नो सुरक्षा साउजीको हातमा सुम्पेर आनन्द लिन सक्थें । पिउनेलाई भन्दा पिलाउनेलाई उसको सुरक्षाको चासो रहन्थ्यो । साउजीको प्रस्तावलाई धन्यवाद दिएर पैसा तिरी बाहिर निस्केर मोटरसाइकल स्टार्ट गरेर म हिडें ।

अलि वर आएर ऐनाबाट पछाडि हेर्दा रेष्टुरेन्टको ढोकाबाट साउजी म आएको बाटोतिर हेर्दै थिए । बीस वर्ष अघिदेखि थन्किएर बसेको जेहनदार र प्रतिभाशाली विद्यार्थीको तक्मा मनभरी ढल्काएर म पश्चिमतिर लागें ।

अवर्न विश्वविद्यालय, अलावामा
मार्च २५, २००३